## कार्यालय प्रमुखहरुसँगको बैठकको निर्णय (२०८२ चैत्र २३ गते)

१. नेपाल सरकारले सम्वत् २०८२ साल चैत्र २३ गते सोमवारबाट लागु गरेको कार्यालय समय बिहान ९:०० बजे देखि अपरान्ह ५:०० वजे सम्म निर्धारण भएकोले सोही बमोजिम कार्यालय संचालन र सेवा प्रवाहलाई जनमैत्री र प्रभावकारी बनाउने।

२. गर्मीयाममा हुनसक्ने आगजनी, डढेलो, हावाहुरी जस्ता विपद्का घटनाहरु घट्न सक्ने हुँदा सम्बन्धित सरोकारवाला कार्यालयहरुले त्यस्ता घटना घट्न नदिनेतर्फ सचेतना फैलाउने र घटना तत्काल नियन्त्रणमा लिन सक्ने गरी पूर्णतयारीमा रहने।

३. अन्तर सरकारी कार्यालयहरु बिचमा सञ्चार, समन्वय र सहकार्यका माध्यमबाट कार्यसम्पादनमा स्पष्टता ल्याउने र तोकिएको जिम्मेवारी समयमै सम्पादन गर्ने।

४. नेपाल सरकार गृह मन्त्रालय एवं अन्य मन्त्रालयबाट भएका परिपत्र र निर्देशन सहित प्राप्त पत्रमा लेखी आएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने र सो को जानकारी सम्बन्धित निकायमा गर्ने।

५. कार्यालयमा सञ्चालनमा रहेका सुचना प्रविधिका माध्यामहरु CCTV, टोल फ्रि नम्बर, ल्याण्डलाइन टेलिफोन, अनलाइन सेवाका सफ्टवयर लगायतका विषय समयमै चुस्त दुरुस्त भए/नभएको सुनिश्चित गर्ने।

६. कार्यालय प्रमुखको बैठकबाट लिईएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा सिंहावलोकन गर्ने।

७. शासकीय सुधार सम्बन्धी १०० दिनको कार्यसूची कार्यान्वयन कार्ययोजना बमोजिम आफ्नो कार्यालयसँग सम्बन्धित कार्यहरु कार्यसञ्चालन गरी तोकिएको समय सिमा भित्र प्रगति विवरण पठाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा गराउने।

८. नदिजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न स्थानीय तह, नजिकको प्रहरी चौकी नागरिक समाजको सहकार्यमा कार्य गर्ने र थप सहयोगको आवश्यकता परेमा जिल्ला प्रहरी कार्यालयमा समन्वय गर्ने।

९. सार्वजनिक निकायबाट प्रकाशन तथा प्रसारणका लागि दिईने सूचनाहरु सरकारी संचार माध्यामबाट मात्र सूचना प्रकाशन/प्रसार गर्ने गराउने।

१०. सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणाली मार्फत सेवा संचालन गर्ने।

प्रमुख जिल्ला अधिकारी